जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३० २०७७ साल असार २२ गते सोमबार (6 July 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ को बजेट : वितरणमुखी.. ३ पृष्ठमा : विदेशमा अलपत्र ... ३ पृष्ठमा :भारतमा कोरोनाबाट एकैदिनमा...

# सप्तरीमा थप १२ जनामा कोरोना संक्रमणसँगै संक्रमितको संख्या ३ सय १५ पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

सप्तरीमा आइतबार थप १२ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै जिल्लामा संक्रमितको संख्या ३ सय १५ पुगेको छ ।

पछिल्लो पटक जिल्लाको डाक्नेश्वरी नगरपालिकामा ८ र विष्णुपुर गाउँपालिकास्थित क्वारेन्टाइनमा रहेका ४ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि शनिबार जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकास्थित क्वारेन्टाइनमा रहेका मध्येबाट एकै दिन १८ जनामा संक्रमणको पुष्टि भएको थियो ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार हनुमाननगर कंकालिनी नगरपालिकामा सर्वाधिक ५४ जनामा कोरोना संक्रमित देखिएको छ । यस्तै बलानबिहुल गाउँपालिकाका ४४, तिलाठी कोइलाडी गाउँपालिकाका ४२, बोदेबरसाईन नगरपालिकाका ३३, छिन्नमस्ता गाउँपालिकाका २७, डाक्नेश्वरी नगरपालिकाका २५, राजगढ गाउँपालिकाका २०, महदेवा गाउँपालिका र राजविराज नगरपालिकाका १५/१५, सुरुङ्गा नगरपालिकाका १३, खडक नगरपालिकाका ७, विष्णुपुर गाउँपालिकाका ५, तिरहुत गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकाका



४/४, शम्भुनाथ, सप्तकोशी र कंचनरुप नगरपालिकाका २/२ तथा रुपनी गाउँपालिकाका एक गरि कुल ३ सय १५ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

# काँग्रेस सप्तरीको आन्दोलन स्थगित




**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

नागरिकता संशोधन विधेयक खारेजीको माँग गर्दै दिनहु प्रदर्शनमा उत्रेका नेपाली काँग्रेसले आइतबारदेखी आन्दोलन कार्यक्रम स्थगित गरेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

"लैङ्गिक तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा नलुकाउः हिंसाबारे बोलौं समाजमा खोलौं ।"
"लैङ्गिक हिंसा मुक्त समाजः निर्माण गरौं सभ्य समाज ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

स.क.परिषद द.नं.-७८०८ जि.प्र.का. दर्ता नं. १०५/२०५४/०५५

## सप्तरी सामुदायिक बिकास केन्द्र, नेपाल
## Saptari Community Development Centre, Nepal

**राजविराज** पान : ३०१८३७१६७

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रकाशित मिति : २०७७ असार २२ गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीचको सम्झौता बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत नेतृत्वमा स्थानीय सरकार राजविराज नगरपालिका, कञ्चनरुपन गरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिकाको नेतृत्व तथा हेल्भेटास स्वीस इन्टरकोपरेसन नेपालको प्राबिधिक सहयोगमा यस सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल राजविराजद्वारा सुरक्षित आप्रवासन परियोजना (सामी) तेश्रो चरण कार्यान्वयन भईरहेको छ । यस अन्तर्गत वैदेशिक रोजगारमा रहेका आप्रवासी परिवारमा मनोसामाजिक परामर्श सेवा, बित्तीय साक्षरता तथा आप्रवासी कामदार तथा तिनका परिवारहरुको क्षमता विकास सम्वन्धि विभिन्न कृयाकलापहरु संचालनको लागि देहायका जनशक्तिहरु आवश्यक भएको हुदाँ निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरु बाट दरखास्त आह्वान गरिन्छ ।

| पद | माग संख्या/कार्यस्थल | न्युनतम योग्यता |
|---|---|---|
| मनोसामाजिक परामर्शकर्ता | **४ (चार)**<br>(१ जना/राजविराज नगरपालिका)<br>(१ जना/कञ्चनरुप नगरपालिका)<br>(१ जना/शम्भुनाथ नगरपालिका)<br>(१ जना/राजगढ गाउँपालिका) | **शैक्षिक योग्यता** :न्युनतम् प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको ।<br>**कार्य अनुभवः**<br>• मनोसामाजिक परामर्श वा सो सम्वन्धि आधारभूत तालिम लिएको वा परामर्शसेवा वा सामाजिक परिचालनमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>• यो पदका लागि महिलाले मात्र आवेदन दिन सक्ने प्रावधान रहेको छ । |
| वित्तिय साक्षरता सहजकर्ता | **४ (चार) जना**<br>(१ जना/राजविराजनगरपालिका)<br>(१ जना/कञ्चनरुपनगरपालिका)<br>(१ जना/शम्भुनाथनगरपालिका)<br>(१ जना/राजगढ गाउँपालिका) | **शैक्षिक योग्यताः**<br>व्यवस्थापन संकायमा प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण गरेको,<br>**कार्य अनुभव :**<br>• वित्तिय संस्था, सहकारी, उद्यम शिलता विकास, शिक्षण तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको कार्य अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| **सेवा सुबिधा** | संस्थाले कार्यक्रममा व्यबस्था भए अनुसार तलब सुबिधा प्रदान गर्नेछ । | |
| **उमेरको हद :** | • कामको प्रकृति र गम्भीरतालाई मध्यनजर गर्दै महिलाको हकमा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।<br>• पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । | |
| **आवश्यक सीप :** | ▪ कम्प्युटर (MS-Word, Excel, PowerPoint etc.) सम्बन्धमा दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>▪ इमेल, इन्टरनेट चलाउन सक्ने ।<br>▪ एन्ड्रोईड मोवाईल, डाटा ट्याव चलाउन सक्ने तथा प्रविधिसँग घुलमिल भएको ।<br>▪ मोटरसाईकल चलाउन सक्ने भएको हुनुपर्ने । | |
| **परिक्षाको किसिम :** | लिखित, अन्तरवार्ता तथा प्रयोगात्मक | |
| **पेश गर्नु पर्ने कागजातहरु** | मथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहायका कागजात तथा प्रमाणहरु पेश गर्नुपर्नेछ ।<br>▪ हस्तलिखित निवेदन/आवेदन (आफुले आवेदन गर्न चाहेको पद र स्थानीय, वडा, टोल सहितको विवरण स्पष्ट खुलाई)<br>▪ व्यक्तिगत विवरण (BIO-DATA- with reference person)<br>▪ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>▪ शैक्षिक प्रमाण पत्रको प्रतिलिपी<br>▪ आफुले लिएको तालिमको प्रमाण पत्रको प्रतिलिपी<br>▪ विगतमा गरेको काम सम्बन्धी कार्य अनुभव भएमा सोको प्रतिलिपि<br>▪ सवारी चालक अनुमति पत्र भएमा सोको प्रतिलिपी<br>▪ सक्कल बमोजिम नक्कल ठिक छ भनी स्वःप्रमाणित हुनुपर्नेछ । | |
| **छोटो सूचीमा समावेश :** | निर्धारित मापदण्डको आधारमा छोटो सूची(Short listing) मा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियामा समावेश गराइनेछ । छनौट सम्बन्धी सम्पुर्ण निर्णयाधिकार पदपुर्ति समितिमा रहनेछ । साथै यस पदका लागी कुनै किसिमको दवाव वा सिफरिश गरिएको पाइएमा उक्त निवेदकलाई छोटो सूचिमा समावेश गराउने छैन । | |
| **आवेदन दिने अन्तिम मिति** | सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र कार्यालय समय साँझ ५:०० वजेसम्म आवेदन गर्नुपर्नेछ । अन्तिम दिन बिदा परेको खण्डमा सोको भोली पटक आवेदन गर्नुपर्नेछ | |
| **आवेदन पेश गर्ने स्थान** | सप्तरी सामुदायिक विकास केन्द्र नेपाल राजविराज, scdc.np@gmail.com, सम्पर्क व्यक्तिः राजेन्द्र यादव, मोवाइल नं. ९८४२८७३३६१, ९८१६७७७६०५ | |

**नोट : आवेदन गर्न आउँदा अनिवार्य मास्क लगाएर आउनुपर्ने छ ।**

**पदपुर्ति समिति**
**सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल**
**राजविराज ७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### स्वास्थ्यसँग खेलवाड नगरौं

नेपालमा दिनानुदिन कोरोना भाइरस संक्रमितको संख्या बढ्दै गएको छ । तर, संक्रमणबाट बच्न व्यक्तिहरुले खासै सुरक्षा अपनाएको देखिदैन् । सरकारले लकडाउन खुकुलो गरेसँगै मानिसहरु पुरानै लयमा फर्किन थालेका छन् । तर सुरक्षा सतर्कता अपनाउने गरेका छैनन् । यसरी नेपालमा संक्रमितहरुको संख्यामा बृद्धि हुने क्रम बढ्दै जाँदा सप्तरीमा पनि संक्रमित बढ्दै गएको छ । सप्तरीमा प्रायजसो भारतबाट आएर क्वारेन्टाइनमा बसेकाहरुमा संक्रमण देखिएको छ । संक्रमित बढ्दै जाँदा पनि यहाँका मानिसहरु भने स्वास्थ्य सँग खेलवाड गरिरहेको देखिन्छ । घर बाहिर निस्कदा मास्कको प्रयोग गरेको देखिँदैनन् भने सामाजिक दुरी पनि कायम गर्न सकेका छैन् ।

अहिले बजार पूर्ण रुपले खुलिसकेको छ । बजारमा भिडभाड देख्न सकिन्छ । कोरोनाको त्रास कसैमा देखिदैन् । यस्तो अवस्थामा प्रशासन समेतले कुनै रोकटोक वा सतर्कता सम्बन्धी कुनै जानकारी दिइरहेको देखिन्न् । संक्रमणबाट बच्न मास्कको प्रयोग, सामाजिक दुरी कायम र साबुन पानीले हात धुने बानीलाई निरन्तरता दिनुपर्ने कुरा सबैले बिर्सेका छन् ।

कोरोना भाइरसलाई हेलचक्राई नगरिकन यसप्रति सम्वेदनशिल बन्नु आवश्यक छ । स्वास्थ्य जस्तो विषयमा हामी सबै गम्भिर भएनौं भने भविष्यमा यसले विकराल रुपमा लिन सक्ने कुरामा दुईमत नहोला । तसर्थ आजैदेखी सावधानी अपनाऔं र हामी पनि बचौं अरुलाई पनि बचाऔं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# प्रदेश २ को बजेट : वितरणमुखी र अति महत्वाकांक्षी



रामसरोज यादव

प्रदेश २ को बजेटलाई मैले राम्ररी अध्ययन गरेको छु । यो बजेट अति वितरणमुखि हो, कुनै क्षेत्र छोडेको छैन । गत वर्षका बजेटहरुको पनि कार्यान्वयन पक्ष एकदमै कमजोर रहेको थियो । यसपटक पनि जति विषयहरु समावेश गरिएको छ त्यसको कार्यान्वयन पक्ष एकदम न्यून रहनेछ । अर्को कुरा प्रदेशमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितहरु दिनानुदिन बढ्दैछ । हजारौंको संख्यामा भारतबाट नेपालीहरुको प्रवेश हुँदैछ । अहिलेसम्म क्वारेन्टाइन व्यवस्थित हुन सकेको छैन । क्वारेन्टाइनमा केही पनि गुणस्तरीय वा व्यवस्थित छैन । अहिले प्रदेश २ को अवस्था हेर्ने हो भने क्वारेन्टाइनबाट बढी संक्रमित भएर निस्किँदै छन् । सरकारको पहिलो काम हुनुपर्ने थियो कि क्वारेन्टाइनहरुमा लगानी गरेर व्यवस्थित गर्नुपर्ने हुनुपर्ने थियो । ज्यान जोगिएपछि अर्को कुरा हुनुपर्छ । प्रदेश २ मा रहेका आठ वटा अस्पतालमध्ये तीन वटामा मात्रै पीसीआर टेस्ट भइरहेको छ । त्यसमा पनि स्वास्थ्य सामग्रीहरुको अभाव छ ।

जनसंख्याको हिसावले सबभन्दा बढी यही प्रदेशमा छन् र वैदेशिक रोजगारका लागि अन्य मुलुक जाने पनि यही प्रदेशका बढी छन् । सरकारले कमसेकम स्वास्थ्य सामग्रीहरु, दक्ष स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्नुपर्ने थियो । जुन मात्रामा प्रदेशमा बाहिरबाट नेपाली प्रवेश गरिरहेका छन् त्यो प्रतिशतमा टेष्ट हुनुपर्ने थियो, त्यसमा सरकार सकिरहेको छैन । त्यतातिर बजेट अलि बढी केन्द्रित हुनुपर्ने थियो । त्यसैले मैले प्रदेश सरकारको बजेटलाई वितरणमुखी भनिरहेको छु । यो बजेटले हरेक ठाउँलाई छोएको छ । प्रदेशको जुन अवस्था छ, त्यसलाई मध्यनजर गर्ने हो भने १० गुणा बढी बजेट आयो भने मात्रै उद्देश्य पूरा हुन सक्छ । यो कुरा सरकार पूरा असफल र असंवेदनशील रहेको छ ।

यो प्रदेशमा पहिला पनि बेरोजगारीको समस्या थियो, त्यसमा झन् बाहिरबाट युवा जनशक्तिलाई कहाँ रोजगार दिने त्यसको स्पष्ट खाका छैन । सरकारले कृषिलाई आधुनिकीकरण गर्ने भन्छ । आधुनिकीकरणको अर्थ हो आधुनिक यन्त्रको प्रयोग गर्ने, उत्पादन बढाउने, कृषि उद्योग खोल्ने । यदि उत्पादन नै बढ्दैन भने कसरी आधुनिकीकरण गर्ने ? आधुनिकीकरण गर्ने हो भने हाम्रो छिमेकी राष्ट्र भारतको पञ्जाब र हरियाणाको नीति अपनाउनुपर्ने हुन्छ । मुखले भनेर आधुनिकीकरण हुँदैन । समग्ररुपले हेर्ने हो भने यो बजेटबाट प्रदेशका जनताले प्रतिफल पाउँदैन । हामीले नीति तथा कार्यक्रममा पनि यी कुराहरु उठाएका छौं । अहिले सबभन्दा बढी केन्द्रित कोभिड-१९ नियन्त्रणमा हुनुपर्ने पहिलो प्राथमिकतामा पर्नु पर्दथ्यो । प्रदेशमा संक्रमितको संख्या बढी छ तर आइसोलेसनको संख्या कम छ । त्यहाँ पनि स्वास्थ्य सामग्रीको कमी छ । तसर्थ, यो बजेट स्वास्थ्य, कृषि, शिक्षामा केन्द्रित हुनुपर्ने थियो ।

पहिलाको बजेटको टु कपि हो । यसको दायरा मात्रै अलि बढाएको छ । यो बजेट वितरणमुखी र अति महत्वाकांक्षी पनि छ । मलाई विश्वास छैन कि यो बजेटको कार्यान्वयन समुचित तरिकाले हुन्छ ।

सबै ठाउँमा थोरै-थोरै बजेट दिएको छ । यसले के प्रतिफल दिन्छ त ।

यो बजेट कनिका छरेजस्तो छ । यस बजेटमा अरुमा भन्दा पनि सबभन्दा बढी कृषि, स्वास्थ्य र शिक्षा दिनुपर्ने थियो । यस प्रदेशमा ७० प्रतिशतभन्दा जनता कृषिमा आधारित छन् । तसर्थ यो सरकारले अलि बुद्धि पुर्‍याएन कि लाग्छ । कनिका छरेजस्तो छरिदियो भने कसैले यसको प्रतिफल पाउँदैन ।

प्रदेश २ मा बढ्दै गएको कोरोना कहरप्रति सरकारको ध्यान किन गएन भन्ने कुरा मुख्यमन्त्रीसँग सोध्नुपर्ने हो । हामीले संसदमा आवाज उठाउँदै आएका हौं । सुरुदेखि नै हामीले कोरोनामा जोड दिएका छौं । प्रदेश सरकारले लोकप्रियताका लागि मात्रै बजेट ल्याइएको हो र यो केटाकेटीको काम हो । सरकारले प्राथमिकता नै निर्धारण गर्न सकेन । विकासको सिद्धान्त हो कि प्राथमिकता निर्धारण गर्नु । अहिलेको बजेटले प्राथमिकता निर्धारण गर्न सकेको छैन । अहिले कोरोनाले विश्वभरि नै महामारीको रुप लिइरहेको बेलामा अधिकांश बजेट खर्च गर्नुपर्ने, क्वारेन्टाइन व्यवस्थापन गर्नुपर्ने, दक्ष जनशक्तिको परिपूर्ति, स्वास्थ्य सामग्रीको उपलब्धता गराउनुपर्ने, किटहरुदेखि लिएर प्रत्येक जिल्लामा पीसीआर मेसिनहरु राख्नुपर्ने थियो । त्यतातिर ध्यान छैन । तसर्थ यो बजेट वितरणमुखी र अति महत्वाकांक्षी रहेको छ ।

निश्चितरुपमा सरकारका नेतृत्वकर्ताहरुमा अनुभवको कमी देखिएको छ । अनुभवको कमीका कारण यो सरकारले प्राथमिकता निर्धारण गर्न नसकेको हो । नभए अहिलेको अवस्थामा के आवश्यक छ भन्ने कुरा बुझ्नुपर्ने थियो ।

प्रदेशको नीति आयोगका अध्यक्षले एकचोटि मात्रै सबै दलसँग बसेर सल्लाह लियो । म कांग्रेसको संसदीय दलको नेताको हैसियतले संसदमा बोले कि कमसेकम कोरोना भाइरससँग लड्नका लागि एउटा सर्वदलीय समिति बनाएर हामीसँग भएका ऊर्जा र क्षमताको प्रयोग गर्नु पर्दैनथ्यो ? पीसीआर मेसिन, स्वास्थ्य सामग्री खरिद र राहत वितरणमा पनि व्यापक भ्रष्टाचार भएको छ । कात्रोमा पनि कमिशन खाने सरकारलाई हामी के भन्ने ? कमिशनका लागि मात्रै यो सरकार बनेको होइन । मधेश आन्दोलनपछि उनीहरुको सरकार प्रदेश २ मा बन्यो, यिनीहरु त्यतिबेला गर्व पनि गर्दैथियो कि हामी संघीयताको जन्मदाता हौं । मधेशी जनताको मसिहा हौं भन्ने पार्टी नेतृत्वको सरकारले मधेशी जनताको भावना र आकांक्षा बजेटमा प्रतिबिम्बित गरिएन भने आफूलाई मसिहा र संघीयताको जन्मदाता भन्न सुहाउँछ ? (यादव, नेपाली कांग्रेसको तर्फबाट प्रदेश २ का सांसद हुन् ।)*(मधेश दर्पण फिचर सेवा)*

# विदेशमा थप १३ नेपालीको मृत्यु

काठमाडौं, २१ असार (रासस) । कोरोना भाइरसको सङ्क्रमणबाट पछिल्लो एक सातामा विदेशमा थप १३ नेपालीको मृत्यु भएको छ । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्गतको स्वास्थ्य समितिका अनुसार संयुक्त अरब इमिरेट्स (युएई)मा थप छ, भारतमा पाँच, ओमान र कुवेतमा एक/एक नेपालीको मृत्यु भएको हो ।

समितिका अनुसार शनिबार साँझसम्म विभिन्न १४ देशमा १४३ नेपालीको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ । हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्यान्ड, जापान, टर्की, नेदरल्यान्ड र स्विडेन, ओमानलगायत देशमा रहेका नेपालीको मृत्यु भएको छ ।

एनआरएनए स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस हप्ता विदेशमा मध्यपूर्वका देशबाहेक अन्य मुलुकमा कोरोना सङ्क्रमणको दर न्यून हुँदै गएको छ । शनिबार साँझसम्म विदेशमा २८ हजार ९१८ जनामा कोरोना सङ्क्रमण देखिएको छ भने २५ हजार २२६ गैरआवासीय नेपाली कोरोना मुक्त भएका छन् । एनआरएनएका अनुसार हालसम्म विश्वभर ३७ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट प्रभावित भएका छन् ।

**उद्धार जारी**

यसैबीच कोरोना भाइरसका कारणले विश्वव्यापी लकडाउन सुरु भएपछि विभिन्न देशमा रोकिएका नेपालीको उद्धारको कामले तीव्रता पाएको छ । एनआरएनए र विदेशस्थित नेपाली कूटनीतिक नियोगको संयुक्त पहलबाट एक महिनाको अवधिमा २१ देशमा रहेका १८ हजार २९३ नेपालीको उद्धार गरिएको छ ।

अफगानिस्तान, अष्ट्रेलिया, ओमान, कतार, स्यान्मा, कुवेत, जापान, थाइल्यान्ड, दक्षिण कोरिया, बङ्गलादेश, मलेसिया, माल्दिभ्स, श्रीलङ्का, युएई, साउदी अरब, सिङ्गापुर, हङकङ, पाकिस्तान, बहराइन, अमेरिका र बेलायतलगायत मुलुकमा रहेका नेपाली स्वदेश फर्किएको सङ्घको कोभिड-१९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।

# पिसिआर परीक्षणलाई तीव्रता दिन आग्रह

काठमाडौं, २१ असार (रासस) । राष्ट्रिय मानव अधिकार आयोगले कोरोना बढी सङ्क्रमण प्रभावित स्थान र क्षेत्र पहिचान गरी रोकथाम र नियन्त्रण गर्न र पिसिआर परीक्षणलाई तीव्रता दिन आग्रह गरेको छ ।

आयोगका प्रवक्ता वेदप्रसाद भट्टराईद्वारा आइतबार यहाँ जारी प्रेस विज्ञप्तिमा काठमाडौं उपत्यका जस्तो घनाबस्ती भएका ठाउँमा समुदायमा कोरोना सङ्क्रमण फैलिएमा स्थिति भयावह हुन सक्नेतर्फ बेलैमा ध्यान पुर्‍याउन र पिसिआर परीक्षणलाई तीव्रता दिई नागरिकको स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्न सरकारलाई पुनः आग्रह गरिएको छ ।

कोभिड-१९ को सङ्क्रमण पछिल्लो समय नेपालमा पनि उच्चस्तरमा फैलँदै गइरहेको अवस्थामा उपत्यकाका ठलहरूमा समेत कोरोनाको भाइरस भेटिएको भन्ने सञ्चारमाध्यममा सार्वजनिक भएकाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल बार एसोसिएशन, नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घसँगको सहकार्यमा देशभर कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्थाको अनुगमन गरी अनुगमनबाट प्राप्त तथ्यका आधारमा यसअघि पनि पिसिआर परीक्षण बढाउन तथा क्वारेन्टिनहरू व्यवस्थित गर्न पटकपटक सरकारलाई आग्रह गर्दै आएको स्मरण आयोगले विज्ञप्ति मार्फत् गराएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेशमा अलपत्र परेकाको उद्धार जारी

काठमाडौँ, २१ असार (रासस)।

दुई एयरलाइन्सले विभिन्न मुलुकबाट दैनिक औसत पाँचदेखि छवटा अन्तर्राष्ट्रिय उडान गरी समस्यामा परेका नेपालीलाई उद्धार जारी राखेका छन्।

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र निजी क्षेत्रको हिमालय एयरलाइन्सले चार्टर्ड उडान गरी उनीहरूलाई स्वदेश फर्काइरहेका हुन्।

नेपाल एयरलाइन्सले दैनिक तीनदेखि चार र हिमालयले दैनिक दुईदेखि तीन उडान भर्दै आएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ। यी उडानमा कहिलेकाहीँ गन्तव्य तथा उडान सङ्ख्यामा पनि तलमाथि हुने गरेको छ। दुवै एयरलाइन्सले जुलाई महिनामा हुने उडान तालिका बनाएर धमाधम चार्टर्ड उडान गरिरहेका छन्। नेपाल एयरलाइन्सले जुलाई ११ तारिखसम्मको उडान तालिका सार्वजनिक गरेको छ। यसैगरी हिमालयले जुलाई दुईदेखि १० सम्मको उद्धार उडान तालिका निर्धारण गरेको छ। नेपाल एयरलाइन्सले यसअघि जुन पहिलो सातादेखि महिनाभर विभिन्न मुलुकमा चार्टर्ड उडान गरी नेपालीलाई स्वदेश ल्याएको थियो।

त्यस्तै हिमालयले जुन १६ देखि अन्तिमसम्म उद्धार उडान गरेको थियो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले जुलाई महिनाको १२ तारिखसम्म मात्रै उद्धार उडान हुने जानकारी दिनुभयो। यसपछि एक/दुई साता चार्टर्ड उडान नहुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार जुन महिनामा छुटेकासहित उद्धार उडान जुलाईको ११ देखि १२ तारिखसम्म हुनेछ। यसपछि दुई साता उडान हुनेछैन। सरकारले निर्णय गरेमा थप उडान हुनसक्ने जनाइएको छ।

नेपाल एयरलाइन्सका अपरेशन विभाग प्रमुख दीपुराज ज्युहार्चनले निगमको पूर्वनिर्धारित तालिकाअनुसार दैनिक तीनदेखि चार उडान भइरहेको जानकारी दिनुभयो। पछिल्लो पटक निगमको एक वाइड बडी जहाज ग्राउन्डेड भएकाले अहिले दैनिक सरदर तीन उडान भइरहेको छ। निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुई वाइड बडी र दुई न्यारोबडी जहाज छन्। हिमालयसँग तीन न्यारो बडी जहाज छन्।

पर्यटन मन्त्रालयले जुलाई महिनामा विभिन्न मुलुकबाट गरिने उद्धार उडानका लागि नेपाल एयरलाइन्सलाई तीन र हिमालयलाई दुई उडान अनुमति दिएको छ। अन्य विदेशी एयरलाइन्सले पनि नेपालीको उद्धार उडानका लागि अनुमति पाएका छन्।

हिमालयले औसतमा दैनिक दुईदेखि तीन चार्टर्ड उडान गरिरहेको कम्पनीका उपाध्यक्ष विजय श्रेष्ठले जानकारी दिनुभयो। अहिलेलाई पूर्वनिर्धारित तालिकामा उडान भर्ने र थप उडानका लागि सरकारले निर्णय गरेमा उडानका लागि तयारी अवस्थामा रहेको उहाँले बताउनुभयो।

उहाँले यात्रु चार्टर्ड र केही कार्गो उडानबाहेक अहिलेलाई कुनै योजना नभएको जानकारी दिनुभयो। एयरलाइन्सले विभिन्न मुलुकबाट नेपालीको उद्धारका लागि जुलाई २ देखि १० सम्मको उद्धार उडान निर्धारण गरी चार्टर्ड उडान गरिरहेको छ।

कोभिड-१९ महामारीका कारण विभिन्न मुलुकमा अलपत्र परेका नेपालीको उद्धार गरी नेपाल ल्याउन सरकारले दिएको अनुमतिअनुरूप दुवै एयरलाइन्सले उडान तालिका बनाएर चार्टर्ड उडान गरिरहेका हुन्। यी एयरलाइन्सले चीनका विभिन्न गन्तव्य, बङ्ग्लादेश, मलेसियाको क्वालालम्पुर, साउदी अरेबियाको रियाद, दमाम, युएईको अबुधाबी, कतारको दोहा, बहराइन, कुवेत, जापानलगायत मुलुकबाट नेपाली स्वदेश फर्काउन चार्टर्ड उडान गरिरहेका छन्।

अन्तर्राष्ट्रिय विमानस्थलमा अहिले दैनिक नौदेखि १६ वटा चार्टर्ड उडान हुँदै आएका छन्। असार महिनामा धेरै सङ्ख्यामा उडान भएको विमानस्थलको विवरण छ। यही असार १२ गते एकै दिन १६ अन्तर्राष्ट्रिय उडान भएको थियो। यसअघि असार १० र ११ मा दैनिक १५ उडान भए। शनिबार र आइतबार दैनिक ११ उडान भएको विमानस्थलले जनाएको छ।

सरकारले गत जेठ १६ गते तेस्रो मुलुकमा रहेका नेपाली नागरिकलाई प्राथमिकीकरण गरेर स्वदेश फर्काउने निर्णय गरेको थियो। सरकारद्वारा गठित कोभिड-१९ सङ्क्रमण व्यवस्थापन सेन्टर (सिसिएमसी) को निर्णयअनुरुप पहिलो चरणमा २५ हजार नेपालीलाई स्वदेश फर्काइने जनाइएको छ।

**सोह्र हजारभन्दा बढी फर्किए**

विभिन्न मुलुकबाट भइरहेका उद्धार उडानमार्फत १६ हजारभन्दा बढी नेपाली स्वदेश फर्किएका छन्। कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)को विवरणअनुसार यही असार १८ गतेसम्म विभिन्न मुलुकबाट १६ हजार २९४ यात्रु फर्किएका हुन्। यीमध्ये सबैभन्दा धेरै कुवेतबाट तीन हजार ५२७, युएईबाट दुई हजार ७३७, साउदी अरेबियाबाट दुई हजार दुई, कतारबाट एक हजार ८१७ र मलेसियाबाट एक हजार ५३७ स्वदेश फर्किएका छन्।

प्रदेशगत हिसाबले सबैभन्दा बढी वाग्मती प्रदेशका पाँच हजार ३५८, प्रदेश नं १ का तीन हजार ८९, प्रदेश नं ५ का दुई हजार ५८१, प्रदेश नं २ का दुई हजार ४९८, गण्डकी प्रदेशका दुई हजार २१, कर्णाली प्रदेशका ३९४ र सुदूरपश्चिम प्रदेशका ३५३ स्वदेश फर्किएका छन्।

## ग्यारेजमा आगलागी हुँदा आठ माइक्रोबस जले

काठमाडौँ, २१ असार (रासस)।

काठमाडौँको गँगबुस्थित एक गाडी ग्यारेजमा आगलागी हुँदा आठ माइक्रोबस जलेर नष्ट भएका छन्। आइतबार बिहान ३ बजे काठमाडौँ महानगरपालिका-२६ स्थित मताकाजी श्रेष्ठका जग्गामा टोखा- ३ बस्ने राजेन्द्र अर्यालले भाडामा लिएर सञ्चालन गरेको सप्रश्री माइक्रो ग्यारेजमा अचानक आगलागी भएको हो।

आगलागीबाट झण्डै रु पाँच करोड क्षति भएको छ। आगलागी शङ्कास्पद देखिएकाले अनुसन्धान थालिएको महानगरीय प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीले जानकारी दिनुभयो। शुरुमा एउटा माइक्रोमा लागेर सल्किएको र पछि अन्य गाडीसमेत जलेको अनुमान प्रहरीले गरेको छ। गँगबुबाट गएको प्रहरी टोली र स्थानीयवासीले दमकलको सहयोगमा राति नै आगो नियन्त्रणमा लिएका थिए।




## विश्व समाचार

### भारतमा कोरोनाबाट एकैदिनमा झण्डै २५ हजार संक्रमित

कोरोनाभाइरसका कारण भारतमा एकैदिनमा झण्डै २५ हजार जना संक्रमित भएका छन्। सरकारी स्वास्थ्य अधिकारीहरुले दिएको जानकारी अनुसार भारतमा पछिल्लो २४ घण्टामा २४ हजार ८५० जना संक्रमित भएका छन्।

दैनिक रुपमा संक्रमित हुनेहरुको यो संख्या अहिलेसम्मकै सवैभन्दा धेरै भएको पनि अधिकारीहरुले जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार दिएको जानकारीअनुसार योसँगै भारतमा कुल संक्रमितको संख्या छ लाख ७३ हजार १६५ पुगेको छ।

तीमध्ये दुई लाख ४४ हजार ८१४ जना अहिले पनि संक्रमित अवस्थामै रहेको मन्त्रालयले जनाएको छ। त्यसैगरी संक्रमित भएर पनि अहिले संक्रमणमुक्त भएकाहरुको संख्या बढेर चार लाख नौ हजार ८२ पुगेको मन्त्रालयको तथ्याङ्क छ।

मन्त्रालयका अनुसार भारतमा कोरोनाभाइरसबाट मृत्यु भएकाहरुको कुल संख्या १९ हजार २६८ पुगेको छ। ती मध्ये ६१३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको छ।

प्रदेश अनुसार हेर्दा सवैभन्दा धेरै प्रभावित अझै पनि महाराष्ट्र प्रदेश नै भएको छ। महाराष्ट्रमा मात्रै अहिलेसम्म दुई लाख ६४ जना संक्रमित भएका छन् भने आठ हजार ६७१ जनाको मृत्यु भएको छ। त्यसैगरी दोस्रो धेरै प्रभावित तमिलनाडु प्रदेशमा एक लाख ७ हजार एक जना संक्रमित हुदाँ एक हजार ४५० को मृत्यु भएको छ। त्यसैगरी केन्द्रीय राजधानीसमेत रहेको दिल्ली प्रदेशमा ९७ हजार २०० जना संक्रमित भएका छन्।

### हाइड्रोक्लोरोक्विन र एचआईभीको औषधीको संयोजनमा उपचार विधि प्रभावकारी नभएको विश्व स्वास्थ्य संगठनको ठहर

विश्व स्वास्थ्य संगठनले हाइड्रोक्लोरोक्विन र एचआईभी संक्रमित व्यक्तिलाई दिइने औषधीहरू लोपिनाभिर र रिटोनाभिरको संयोजनमा कोभिड-१९ संक्रमितलाई उपचार नगर्न शनिबार निर्देशन गरेको छ। कतारी समाचार संस्था, अल जजीरा, का अनुसार उक्त विधि कोभिड-१९ संक्रमित विरामीको मृत्यु दर घटाउन सफल नदेखिएकोले अस्पतालमा भर्ना गरिएका कोभिड-१९ संक्रमित विरामीका लागि यसको प्रयोग रोक्न भनिएको हो।

हाइड्रोक्लोरोक्विन र लोपिनाभिर वा रिटोनाभिरले कोभिड-१९ का विरामीको उपचारमा निकै कम वा खासै उपलब्धिमुलक नतिजा यी अन्तरिम परीक्षणबाट ननिस्किएको निष्कर्ष विश्व स्वास्थ्य संगठनको रहेको छ।

"अनुसन्धानकर्ताहरूको साझा परीक्षणलाई तत्काल कार्यान्वयनमा आउने गरी रोक्न अनुरोध गरिन्छ," विश्व स्वास्थ्य संगठनको विज्ञप्तिलाई उद्धृत गर्दै अल जजिराले लेखेको छ। विश्व स्वास्थ्य संगठनको उक्त निर्णयले ती औषधी प्रयोग भएका तर अस्पतालमा भर्ना नभएका वा रोकथामका विधि प्रयोग गरिएका अन्य अध्ययनलाई पनि प्रभावित पार्नसक्ने जनाएको छ। रासस

### विश्वभर संक्रमितको संख्या अहिलेसम्मकै उच्च : डब्लुएचओ

विश्वमा कोभिड-१९ संक्रमितको संख्या अहिलेसम्मकै उच्च रहेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जनाएको छ। डब्लुएचओका अनुसार शुक्रबारदेखि शनिबार विहानसम्मको २४ घण्टाको अवधिमा विश्वभर संक्रमितको संख्या दुई लाख १२ हजार ३२६ रहेको थियो।

यो अवधिमा सबैभन्दा बढी संक्रमितको संख्या अमेरिकी क्षेत्रमा रहेको डब्लुएचओले जनाएको छ। अमेरिकी मुलुकहरूमा पनि संयुक्त राज्य अमेरिका र ब्राजिलमा २४ घण्टामा संक्रमित दुई लाख १२ हजार ३२६ व्यक्ति मध्ये झण्डै आधा संक्रमित भेटिएका थिए। उक्त अवधिमा ब्राजिलमा ५३ हजार २१३ र संयुक्त राज्य अमेरिकामा ४८ हजार १०५ व्यक्तिमा संक्रमण पुष्टि भएको थियो।

आइतबारसम्ममा विश्वभर एक करोड १३ लाख ८६ हजारभन्दा बढी कोभिड-१९ बाट संक्रमित भएका छन्। समाचार तयार पार्दासम्म यो भाइरस संक्रमित पाँच लाख ३३ हजार ६१९ जनाको ज्यान गुमेको पुष्टि विश्व स्वास्थ्य संगठनले गरेको छ।

संक्रमणका कारण सबैभन्दा बढी अमेरिकामा एक लाख ३२ हजार ३१८ जनाको मृत्यु भएको छ। त्यस्तै ब्राजिलमा ६४ हजार ३६५ जनाको मृत्यु भएको छ। अमेरिका र ब्राजिलमा क्रमशः २९ लाख ३५ हजार ७७० र १५ लाख ७८ हजार ३७६ व्यक्ति संक्रमित रहेका छन्। रूसमा संक्रमित सख्या छ लाख ७४ हजार ५१५ रहेको छ भने मृत्युदर अन्य ठूला मुलुकको तुलनामा कम रहेको छ अर्थात् कोभिड-१९ का कारण रूसमा दश हजार २७ व्यक्तिको मृत्यु भएको छ।

त्यस्तै भारतमा छ लाख ७३ हजार ९०४ संक्रमित र १९ हजार २७९ मृत्यु, पेरूमा दुई लाख ९९ हजार ८० संक्रमित र १० हजार ४१२ मृत्यु, स्पेनमा दुई लाख ९७ हजार ६२५ संक्रमित र २८ हजार ३८५ मृत्यु, चिलीमा दुई लाख ९१ हजार ८४७ संक्रमित र छ हजार १९२ मृत्यु भएको छ। बेलायतमा संक्रमितको सख्या दुई लाख ८४ हजार ९०० रहेको छ भने ४४ हजार १९८ जनाको मृत्यु भएको छ। यसबाहेक बढी संक्रमित र मृत्यु भएका मुलुकहरूमा मेक्सिको, इटली, इरान, पाकिस्तान, साउदी अरब, टर्की जर्मनी र चीन रहेका छन्। रासस

# प्रदेश २ को संचार सम्बन्धी बिधेयक बिरूद्ध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

प्रदेश २ मा पारित भएको संचार सम्बन्धी विधेयक निरंकुश शैलीको भएको भन्दै राजबिराजमा आइतबार संचारकर्मीहरुले प्रदर्शन गरेका छन ।

राजबिराजस्थित गजेन्द्र चौकमा पत्रकारलाई नै जरिवाना तोक्ने र सञ्चारसम्बन्धी उपकरण जफत गर्ने उल्लेख गरेर विधेयक पारित गरिएको भन्दै संचारकर्मीहरुले प्रदर्शन गरेका हुन् ।

'कुनै पनि मिडियामा समाचार आउँदा त्यसको प्रमुख जिम्मेवार सम्पादक वा मालिक भए पनि पत्रकारलाई मात्र दोषी देखाएर जरिवाना लिने प्रावधान विधेयकमा राखिएको छ' विरोधका अगुवा पत्रकार श्रवण देवले भने, 'यो विधेयक राणा शासनकालमा भन्दा पनि निरंकुश रहेकाले बिरोध जनाएको बताए ।

पत्रकारलाई जरिवाना नै तोकिए कानुनमा दखल भएको व्यक्तिले तोक्नुपर्ने तर सरकारले नियुक्त गर्ने व्यक्तिले जरिवाना तोक्ने प्रावधान राखिनु उचित नहुने भन्दै उनले प्रदेश सरकारले सो विधेयक खारेज नगरेसम्म सशक्त आन्दोलन गर्ने चेतावनी दिए ।

सञ्चारसम्बन्धी विधेयकमा थुप्रै त्रुटि रहेकाले नसच्चयाए सम्म आन्दोलन जारी रहने पत्रकारहरुले बताएका छन् । गत वर्ष प्रदेश सभामा यो विधेयक पेश भएदेखि नै विवादित रहँदै आएको थियो ।

# विष्णुपुरका स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सामाग्रि प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिकामा स्वास्थ्य सामाग्रिको अभावमा स्वास्थ्यकर्मीलाई सेवा दिन समस्या परिरहेका बेला आइतबार एक सामाजिक संस्थाले व्यक्तिगत सुरक्षा सामाग्रि प्रदान गरेको छ ।

सेफ मदरहुड नेटवर्क फेडरेशन नेपालले विष्णुपुर गाउँपालिकाको कार्यालय प्राङ्गणमा सोही गाउँपालिका भित्रका स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सामाग्रि प्रदान गरेको हो ।

उक्त स्वास्थ्य सामाग्रि गाउँपालिकाका अध्यक्ष लिलाम्बर यादवलाई संस्थाका तर्फबाट नेपाली काँग्रेस सप्तरीका सभापति समेत रहेका दिनेशकुमार



यादवले हस्तान्तरण गरेका हुन् ।

उपलब्ध गराइएको स्वास्थ्य सामाग्रिहरुमा पिपिई ड्रेस, सेनिटाइजर, थर्मल गण, मास्क, साबुन र क्वारेन्टाइनमा रहेका महिलाहरुका लागि स्यानेटरी प्याड लगायतका सामाग्रिहरु रहेको प्रमुख प्रशासकीय अधिकृत रंजितजंग अधिकारीले जानकारी दिए ।

वर्तमान अवस्थामा पर्याप्त मात्रामा व्यक्तिगत सुरक्षा सामाग्रिको अभावमा स्वास्थ्यकर्मीहरु जोखीमपूर्ण सेवा दिन बाध्य भएको बिषम परिस्थितिलाई सहज बनाउन सहयोग पुगोस भन्ने उद्देश्यले स्वास्थ्य सामाग्रि प्रदान गरिएको संस्थाकी प्रमुख डा. आरजु राणाको भनाई छ । सप्तरीमा हालसम्म २ जना स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएको पुष्टि भइसकेको छ ।

## सप्तरीमा थप १२ ...

यस्तै जिल्लामा कोरोनाबाट निको हुनेको संख्या १ सय ३९ रहेको छ । १८ वटा स्थानिय तह रहेको सप्तरीमा सबै स्थानिय तहमा कोरोना संक्रमित फेला परेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा आइतबार साँझसम्मा संक्रमितको संख्या १५ हजार ७ सय ८४ पुगेको तथा निको हुनेको संख्या ६ हजार ५ सय ४७ जना रहेको जनाएको छ । यस्तै कोरोनाको संक्रमणबाट ३५ जनाको मृत्यु भएको छ ।

## काँग्रेस सप्तरीको ...

काँग्रेस जिल्ला कार्यसमितिले आइतबार एक प्रेस विज्ञप्ति जारि गर्दै हाललाई आन्दोलन स्थगित गरिएको जनाएको छ ।

जिल्ला सचिव शत्रुघन प्रसाद यादवद्वारा जारि प्रेस विज्ञप्तिमा नागरिकता संशोधन विधेयक संसदमा पेश नै नभई संसद अधिवेशन अन्त्य भएकाले हाललाई आन्दोलनका सबै कार्यक्रम स्थगित गरिएको उल्लेख छ ।

काँग्रेस सभापति दिनेश कुमार यादवले हाललाई पूर्वघोषित चरणबद्ध आन्दोलनका सबै कार्यक्रम स्थगित गरिएको तथा सरकारले यस सम्बन्धमा भावि दिनमा गर्ने निर्णय अनुसार काँग्रेस अघि बढ्ने जानकारी दिएका छन् ।






# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np